# नेपालको भाषानीति : अवस्था र अपेक्षा

**महेन्द्र न्यौपाने**
**उप-प्राध्यापक**

**गोरखा क्याम्पस, गोरखा**
mahendra.neupane@gc.tu.edu.np

**Artical History**

| Received | Revised | Accepted |
|---|---|---|
| 30th January, 2022 | 4th April, 2022 | 5th May, 20**22** |

**लेखसार**

संस्कृति, सभ्यता, जीवनशैली आदिको प्रतिनिधित्व गर्ने एवम् राष्ट्रका अमूल्य निधिका रूपमा रहेका भाषाको संरक्षण र विकासका लागि प्रभावकारी भाषा योजना र नीति निर्माण गर्नु आवश्यक हुन्छ । यस अध्ययनको उद्देश्य बहुभाषिक राष्ट्र नेपालका भाषाहरूको विकासका लागि हासलम्म भएका नीतिगत प्रयासहरू र तिनले भाषाको संरक्षणमा पुऱ्याएको योगदानका सन्दर्भमा विज्ञ सहभागीको विचार केलाउनु रहेको छ । गुणात्मक प्रकृतिको यस अनुसन्धानमा उद्देश्यमूलक नमूना छनोट पद्धतिका आधारमा तीन जना भाषाविज्ञलाई सहभागीका रूपमा लिई गहन अन्तर्वार्ताका क्रममा सहभागीले व्यक्त गरेका विचारलाई पूर्व अनुसन्धानका प्राप्तिसँग जोड्दै विश्लेषण गरिएको छ । लेखमा भाषानीतिका सम्बन्धमा लेखिएका ग्रन्थ, भाषानीतिसम्बन्धी अनुसन्धानका प्रतिवेदन र नेपालका भाषा नीति र योजनासम्बन्धी दस्तावेजहरूलाई द्वितीय सामग्रीका रूपमा र नमुना छनोटमा परेका सहभागीका विचारलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । द्वितीय स्रोतका सामग्रीबाट पुस्तकालयीय अध्ययन विधिबाट तथा प्राथमिक स्रोतलाई अन्तर्वार्ता विधिमार्फत तथ्य सङ्कलन गरी तिनको व्याख्या र विश्लेषण गरिएको छ । नेपालको बहुभाषिकतालाई ख्याल गर्दै विभिन्न समयमा भाषा नीति निर्माण गरी कार्यान्वयनको प्रयास गरिएको भए पनि नेपालमा प्रचलित मातृभाषी वक्ताको सङ्ख्या दिनानुदिन घट्दै गइरहेको तथा अन्य भाषाको प्रभावका कारण धेरै भाषाहरू सङ्कटतर्फ उन्मुख भएकाले नेपालमा प्रचिलत भाषा, तिनको वास्तविक अवस्था र वक्ता सङ्ख्याको अवस्था पहिचान गरी उपयुक्त खालको भाषा नीति निर्माण गरी त्यसलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको निष्कर्षमा पुगिएको छ । नेपालका भाषाहरूको संरक्षण र विकासका निम्ति प्रभावकारी ढङ्गले भाषिक सर्वेक्षण गरी सबै भाषाहरूको विकास र संरक्षणका लागि उपयुक्त भाषा नीति निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने टड्कारो आवश्यकता रहेको देखिन्छ ।

**मुख्य शब्दावली** : भाषा नीति र योजना, राष्ट्रभाषा, राष्ट्रिय भाषा, स्तरगत योजना, संरचनात्मक योजना ।

## विषय प्रवेश

भाषानीति भनेको भाषाको विकास र संरक्षणका लागि राज्यका तर्फबाट गरिने आधिकारिक प्रयास हो । 'भाषानीति' र 'भाषा योजना' लाई एकै रूपमा 'भाषा नीति र योजना' भनेर एउटै तात्पर्यमा प्रयोग गरेको पाइन्छ । यद्यपि 'भाषानीति' र 'भाषा योजना' फरक अवधारणा हुन् । जहाँ 'भाषानीति'ले राज्यमा प्रचलित भाषाहरूको भूमिका निर्धारण गर्ने कार्यसँग सम्बन्धित रहेको छ भने 'भाषा योजना' राज्यमा रहेका भाषाहरूको विकास गर्ने कार्यसँग सम्बन्धित रहेको छ । यसरी भाषानीति र भाषा योजना आपसममा सम्बन्धित भएर पनि फरक अवधारणा हुन् । यद्यपि नीति र योजना शब्दमा भिन्नता भए पनि भाषाको विकास तथा संरक्षणसम्बन्धी प्रयासको चर्चाका सन्दर्भमा नेपाली भाषामा कसैले भाषा नीति र योजना, कसैले भाषा नीति त कसैले भाषा योजना भन्ने गरेको पाइन्छ । वार्धफ र फुलर (२०१५) का विचारमा भाषा योजना भनेको भाषा वा यसका कुनै एक प्रकारमा जानीजानी हस्तक्षेप गर्ने प्रयास, भाषा परिवर्तन, प्रसार र संरक्षणको प्राकृतिक प्रक्रियाहरूमा मानवीय हस्तक्षेप हो । 'भाषाको संरक्षण, संवर्धन, विकास र स्तरीकरणका निम्ति राज्य वा सरकारले अँगाल्ने नीतिलाई भाषा नीति भनिन्छ । भाषा योजना वा व्यवस्थापनले पनि यही कुरालाई सङ्केत गर्दछ' (गिरी, २०१०, १९३) । राज्यमा प्रचलित भाषाहरूको समसामयिक अवस्था र आवश्यकता अनुसार भूमिका

निर्धारण र संरक्षण तथा विकासका कार्य गर्ने गरिन्छ । डोना क्रिस्चियन (१९८८) ले भाषा योजनालाई भाषाहरूको प्रयोग तथा विकासमा संस्थागत एवम् आधिकारिक हस्तक्षेपको संज्ञा दिने गरिएको उल्लेख गरेका छन् (अधिकारी, २०५६ बाट उद्धृत) । त्यसैगरी इलाना (२०१२) भाषा नीतिलाई निश्चित निर्णयका आधारमा भाषा र समाजमा त्यसको प्रयोगको सङ्गठित, व्यवस्थित र भाषिक व्यवहारलाई परिवर्तन गर्ने प्राथमिक संयन्त्रका रूपमा लिन्छन् । यसरी भाषा नीति र योजनाले कुनै पनि देशका भाषाहरूको अवस्थालाई मध्यनजर गरेर तिनको भूमिका तथा विकासका लागि राज्यले गर्ने निर्णयलाई बुझाउने गर्दछ ।

भाषाको योजनालाई स्तरगत योजना (स्टाटस प्लानिङ) र संरचनात्मक योजना (कर्पस प्लानिङ) गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । अधिकारी (२०५६) का अनुसार स्तरगत योजनाले भाषाहरूको प्रयोगको समकालीन वस्तुस्थितिलाई ध्यान दिएर एक वा एकभन्दा बढी भाषालाई राज्यको आधिकारिक वा सरकारी कामकाजी भाषाको रूपमा मान्यता दिने तथा कुन भाषालाई प्रशासन, आमसञ्चार, शिक्षा आदि क्षेत्रमा प्रयोग गर्नका लागि अनुमति दिइन्छ । वार्धफ र फुलर (२०१५) का अनुसार स्तरगत योजनाले भाषा वा विभिन्न भाषाको प्रकार्य र यसलाई प्रयोग गर्ने हरूको अधिकारलाई परिवर्तन गर्दछ । यो योजनाले जनताको दैनिक जीवनमा र राज्य र यसका विभिन्न निकायहरूसँग व्यवहारमा आफ्नो भाषा प्रयोग गर्ने अधिकारलाई असर गर्दछ । स्तरगत योजनापछि भाषाको कार्य वा अधिकार निर्धारण हुन्छ । राज्यको सरकारी कामकाजको भाषा, शिक्षा, प्रशासन आदि क्षेत्रमा भाषाको प्रयोग गर्ने भनेर निश्चित भइसके पछि उक्त भाषालाई विकास गर्नका लागि गरिने प्रयास स्तरगत योजना हो । यो भाषाको आन्तरिक पक्षको विकाससँग सम्बन्धित हुन्छ । 'समाजको परिवर्तित आवश्यकताअनुसार लेखन पद्धतिको निर्धारण तथा हिज्जेको सुधार, शब्दभण्डारको विकास, कोश निर्माण, व्याकरण निर्माण आदि कार्य' (अधिकारी, २०५६ : ५९) गरी भाषाको आन्तरिक पक्षको विकास गर्ने कार्य स्तरगत योजनाले गर्दछ । वार्धफ र फुलर (२०१५) ले भाषाको संरचनागत योजनाले भाषाको विकासमा केन्द्रित हुन्छ भन्ने उल्लेख गर्दै भाषाको मानकीकरण, शब्दावलीको नयाँ स्रोत, शब्दकोश, साहित्य रचना जस्ता कार्यमा जोड दिने बताएका छन् । विद्वान्द्वयले यो योजनाको प्रयोग इन्डोनेसिया, फिनल्यान्ड, भारत, पाकिस्तान, पपुवा न्यु गिनी जस्ता देशहरूमा सफल रूपमा अभ्यासमा रहेको बताएका छन् ।

भाषा नीति र योजना प्रयोगिक भाषाविज्ञानअन्तर्गत पर्ने एक विषय हो । भाषा योजना र नीतिले भाषिक विविधताका क्षेत्रमा भाषाको हराउँदो पहिचान, भाषिक विविधताप्रतिको बेवास्ता, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका विभिन्न भाषाहरूबिचको सम्बन्ध, प्रभाव, तिनको अस्तित्व जस्ता विषयहरूमा सरोकार राख्दछ । भाषासँग सम्बन्धित यी लगायतका धेरै सबालहरूलाई भाषा योजना र नीतिले सम्बोधन गर्दछ । भाषा राष्ट्रको सामाजिक सांस्कृतिक सम्पदा भएकाले देशका भाषिक सम्पदाहरूको अध्ययन गर्ने समाजमा तिनको कार्य एवम् भूमिकाहरूको पहिचान गर्ने र तत्सम्बन्धी समस्याहरू पहिचान गरी भाषाको योजनाबद्ध विकास गर्नुपर्दछ (अधिकारी, २०५६) । भाषाको योजनाबद्ध विकासको सबाल एकभाषी देशमा सरल भए पनि बहूभाषी देशमा विभिन्न भाषाभाषीहरूको बिचको अन्तरसम्बन्ध र अन्तरसम्प्रेषीयता (अधिकारी, २०५६, ४९) लाई ख्याल गर्नुपर्ने भएकाले जटिल कार्यका रूपमा देखा पर्दछ । बहूभाषी मुलुकमा भाषा नीति निर्माण गर्दा अल्पसङ्ख्यक र दमित जनताको आकाङ्क्षालाई ख्याल असमान तरिकाले निर्माण गरिन्छ भनी भाषावैज्ञानिकहरूले आलोचना गरेको पाइन्छ (फ्याक, २०२०) । मुलतः बहूभाषी र विकासोन्मुख राष्ट्रहरूमा भाषा योजना र नीति सम्बन्धी समस्या झनै टड्कारो रूपमा देखिन्छ ।

बहूभाषी राष्ट्रमा प्रचलित भाषाहरूलाई संरक्षण र विकासका लागि योजनाबद्ध रूपमा नीतिगत प्रयासको आवश्यकता पर्दछ । मौखिक परम्परामा सीमित भाषाको लेख्य परम्पराको विकास, लेखन पद्धतिमा आवश्यक सुधार आधुनिकीकरण, प्रचलित भेदको छनोट र मानकीकरण (अधिकारी, २०५६) जस्ता विविध कार्यहरू भाषा योजना र नीति निर्माणका क्रममा गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा नेपालमा प्रचलित भाषाहरूको अवस्था, तिनको संरक्षणका लागि भाषा नीति र योजना निर्माणको प्रयास तथा तिनले भाषाको विकास र संरक्षणमा पुऱ्याएको योगदानका सम्बन्धमा विज्ञ सहभागीको मतसमेत लिएर तिनको उचित मूल्याङ्कन गर्ने उद्देश्य यो अनुसन्धानात्मक लेखको रहेको छ ।

## विधि

प्रस्तुत अध्ययन वर्णनात्मक ढाँचामा गरिएको छ । नमूना छनोट उद्देश्यमुलक रहेको छ । बहूभाषी मुलुक नेपालमा भाषा

विकास र संरक्षणका प्रयासहरू भएका भए पनि प्रभावकारी नतिजा आउन नसकेको विभिन्न अध्ययन, अनुसन्धान तथा भाषाविज्ञहरूबाट व्यक्त विचारहरूले स्पष्ट पारेका छन्। यस सन्दर्भमा नेपालमा प्रचलित भाषाको वास्तविक अवस्था बुझेर यिनको उचित भूमिका तथा स्थान निर्धारण एवम् विकासका लागि निर्माण भएका भाषानीति र योजनासम्बन्धी प्रभावकारी प्रतिक्रिया भाषाको बारेमा गहिरो अध्ययन भएका सहभागीले मात्र सक्ने भएकाले तीन जना भाषाविज्ञलाई सहभागीका रूपमा छनोट गरिएको छ । विश्वविद्यालयमा लामो समय प्राध्यापन, भाषा नीति निर्माणमा संलग्न र भाषाका विविध प्रायोगिक पक्षमा गहिरो जानकारी राख्ने विज्ञ व्यक्तिलाई सहभागिको रूपमा लिइएको छ। अनुसन्धानमा नैतिक पक्षको ख्याल गर्दै अनुसन्धातालाई अन्तर्वार्ता गर्नुअगाडि नै यसको प्रयोजनका बारेमा स्पष्ट पारी अनुसन्धानात्मक प्रयोजनदेखि बाहेक यस तथ्याङ्कलाई उपयोग गर्ने कुरामा विश्वस्त तुल्याई पहिचानसमेत गोप्य राखिएको छ । अनुसन्धानमा सहभागीलाई खुला प्रकृतिका प्रश्नावलीको प्रयोग गरी गहन अन्तर्वार्ताको माध्यमबाट सूचना सङ्कलन गरिएको छ। जसलाई आलेखमा सहभागी १, सहभागी २ र सहभागी ३ गरी सङ्केत दिएर प्रस्तुत गरिएको छ।
समालोचनात्मक व्याख्यानवाद (क्रिटिकल इन्टरप्रिटेटिभिजम्) दृष्टिकोणमा आधारित यस अनुसन्धानमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीलाई हुबहु प्रस्तुत नगरी त्यसलाई अर्थपूर्ण विश्लेषण गरेर भाषिक नीति र भाषिक अवस्थासँग जोडेर प्रस्तुत गरिएको छ। समालोचनात्मक व्याख्यानवाद दृष्टिकोणले विविधतामा जोड दिन्छ भने विविधताभित्रको निहित अर्थलाई नीति र अभ्याससँग जोडेर पुनःर्व्याख्या गर्दछ। अन्तर्वार्ताका क्रममा सहभागीबाट प्राप्त सुचनालाई कोडिङ, समूह निर्माण तथा थिम निर्माण गरी त्यसलाई वर्णनात्मक विधिको उपयोग गरी विश्लेषण गरिएको छ। साथै प्रस्तुत अनुसन्धानमा सहभागीबाट प्राप्त सूचनालाई पूर्व अनुसन्धानको निष्कर्षसापेक्ष विश्लेषणसमेत गरिएको छ।

## नेपालको भाषिक भुगोल र प्रयोगको अवस्था

भौगोलिक र जनसाङ्ख्यिक दृष्टिले सानो राष्ट्र भएर पनि नेपालमा प्रचलित भाषाको सङ्ख्या धेरै रहेको छ। विगतदेखि नै भाषहरूको सङ्गमस्थलका रूपमा रहेको नेपाल भाषिक विविधताका दृष्टिले अत्यन्त सम्पन्न मुलुकका रूपमा परिचित छ । वि.सं. २०६८ को जनगणनाका अनुसार नेपालमा १२३ ओटा भाषा प्रचलित छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । नेपालमा प्रचलित भाषाहरूलाई पारिवारिक रूपमा वर्गीकरण गर्दा भोटबर्मेली भाषापरिवारका ६८, भारोपेली भाषापरिवारका ५१, द्रबिड भाषापरिवारका एउटा, आग्नेय भाषापरिवारको एउटा तथा भाषापरिवार पहिचान हुन नसकेको कुसुन्डा भाषा (भाषा आयोगको प्रतिवेदन, २०७४) प्रचलित रहेको पाइन्छ। गहन भाषिक सर्वेक्षणको अभाव रहेको नेपालमा भाषासम्बन्धी गहन अध्ययन तथा भाषा संरक्षणसम्बन्धी सार्थक पहलकदमीको अभावसमेत देखिन्छ। जसको कारण यहाँ प्रचलित भाषासम्बन्धी सुक्ष्म अध्ययन नभएका कारण भाषासम्बन्धी विस्तृत र यथार्थ जानकारी पाउन कठिन रहेको छ। नेपालका थोरै भाषा मात्र लेख्य परम्परामा रहेका छन्, बाँकी भाषाहरूमध्ये कुनै लेख्य परम्पराको प्रारम्भिक चरणमा त कुनै भाषाहरू पूर्ण रूपमा मौखिक परम्परामा आधारित रहेका छन्। 'नेपालमा हाल देवनागरी (नेपाली), सम्बोटा (शेर्पा, तिब्बती) सिरिजङ्गा (लिम्बु), रञ्जना (नेवारी), रोङ (लाप्चा), अखा (मगर), मिथिलाक्षर (मैथिली), कैथी (भोजपुरी, मैथिली), पर्सो अरेबिक (उर्दु), तामहिग (तामाङ, शेर्पा), ओइचिक (सन्थाल), बाङ्ला (बङ्गाली), गुरुमुखी (पञ्जाबी) र रोमन (अङ्ग्रेजी) गरी १४ ओटा लिपि प्रचलित छन्' (भाषा आयोगको प्रतिवेदन, २०७४, Xiii) । नेपालमा चिन-तिब्बती, भारोपेली, आग्नेली, द्रबिड र परिवार नखुलेको कुसुन्डा भाषा गरी पाँच भाषा परिवारका भाषाहरू र नेपाली साङ्केतिक भाषा प्रयोगमा छन्। तीमध्ये भारोपेली परिवारका भाषाका वक्ताहरू ८२.०६ प्रतिशत र भोटबर्मेली (चिन-तिब्बती) परिवारका भाषाका वक्ताहरू १७.४६ प्रतिशत छन्। बाँकी ०.४२ प्रतिशत वक्ताहरू उराँब, सन्थाल र कुसुन्डा भाषा बोल्ने गर्दछन्। जसमध्ये कुसुन्डा भाषा बोल्ने २ जनामात्र रहेका छन् (भाषा आयोगको प्रतिवेदन, २०७६)। यो जनगणनालाई नै आधार मान्दा वक्तासङ्ख्याका आधारमा नेपाली भाषापछि मैथिली (दोस्रो), भोजपुरी (तेस्रो), थारु (चौथो), तामाङ (पाँचौं) र नेवारी (छैठौं) भाषाहरू प्रयोग हुन्छन्।
नेपालको भाषाका अवस्थालाई विश्लेषण गर्दै भाषा आयोगको वार्षिक प्रतिवेदन (२०७४) मा भनिएको छ : नेपालमा बोलिने १२३ भाषामध्ये ५३ (४३.१ प्रतिशत) भाषा कथ्य दृष्टिले सुरक्षित छन् भने हजुरबुबा/हजुरआमा पुस्तामा मात्र बोलिने ६ (४.९ प्रतिशत) भाषा संवेदनशील आवस्थामा रहेको १ (०.८ प्रतिशत भाषा र मृतप्राय अवस्थामा १ (०.८ प्रतिशत) भाषा रहेका छन्। नेपालका ५१ (४१.५ प्रतिशत) भाषामाथि अन्य भाषाको प्रभाव परेको छ र वक्ता

घटिरहेको स्थिति देखिन्छ भने ११.९ प्रतिशत भाषा स्थानान्तरण भइरहेका छन् (पृ. xiv) ।

माथिको तथ्यले नेपालमा प्रचलित भाषाहरूको अवस्था विविधतायुक्त रहेको देखिन्छ एकातिर भने अर्कातिर कतिपय भाषाहरू सङ्कटापन्न रहेकाले तिनको संरक्षणका लागि सार्थक प्रयासको थालनी तत्काल गरिहाल्नु आवश्यक देखिन्छ । २०६८ सालको जनगणनाको तथ्याङ्कलाई आधार मानेर प्रदेशगत रूपमा मातृभाषा बोल्नेको सङ्ख्यालाई विश्लेषण गर्दा निम्नानुसारको चित्र भाषा आयोग (२०७५) ले प्रस्तुत गरेको छ :

प्रदेशगत रूपमा मातृभाषा बोल्नेको सङ्ख्यालाई विश्लेषण गर्दा एक लाखभन्दा बढी वक्ताले बोल्ने मातृभाषा प्रदेश १ मा १०, प्रदेश २ मा ७, प्रदेश ३ मा ४, गण्डकी प्रदेशमा ४, प्रदेश ५ मा ६, कर्णाली प्रदेशमा १ र सुदुरपश्चिम प्रदेशमा ५ भाषा देखिन्छन् । दश हजारदेखि १ लाखसम्म वक्ता भएका भाषाहरू प्रदेश १ मा २४, मधेश प्रदेशमा ४, वाग्मती प्रदेशमा १२, गण्डकी प्रदेशमा ४, प्रदेश ५ मा ५, कर्णाली प्रदेशमा २ र सुदुरपश्चिम प्रदेशमा ३ ओटा देखिन्छन् । त्यसै गरी १० हजारभन्दा कम जनसङ्ख्या भएका भाषाहरूको प्रादेशिक वितरणको अवस्थालाई हेर्दा प्रदेश १ मा ७२, मधेश प्रदेशमा ७८, वागमती प्रदेशमा ९७, गण्डकी प्रदेशमा ८० प्रदेश ५ मा ७४ देखिन्छ भने कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा क्रमशः ५२ र ७७ ओटा भाषाहरू रहेका छन् (पृ. १८) ।

वक्तासङ्ख्याका दृष्टिकोणले नेपालमा १९ ओटा भाषाहरू एक लाखभन्दा बढी वक्ता भएका भाषाका रूपमा रहेका छन् । यो सङ्ख्या नेपालको कुल जनसङ्ख्याको ९५.९१ प्रतिशत रहेका छन् । बाँकी जनसङ्ख्याले बोल्ने एक हजार वा सो भन्दा कमदेखि दश हजारसम्म वक्ता भएका ३७ ओटा भाषाहरू छन् भने मौखिक परम्परामा आधारित अत्यन्त थोरै वक्ता भएका दुरा, कुसुन्डा, तिलुङ जस्ता भाषाहरू लोपोन्मुख अवस्थामा छन् । वक्तासङ्ख्या कम भएका र मौखिक परम्परामा मात्र सीमित रहेका भाषाहरूको लिपि विकास गर्ने वा अर्को लिपिको सहायताले नै भए पनि लिखित स्वरूपमा ढाल्ने कार्य गर्नु आवश्यक देखिन्छ । नेपालमा आधुनिक भाषा मात्र नभई शास्त्रीय भाषहरू पनि प्रचलित छन् । पूर्वीय दर्शन र सभ्यताका वैभवका रूपमा रहेका पाली, संस्कृत र भोटभाषा जस्ता शास्त्रीय भाषाहरू ज्ञानका अथाह भण्डारले सम्पन्न रहेका छन् । यद्यपि यी भाषाहरू पनि पनि सङ्कटापन्न अवस्थामा छन् । नेपालमा विगत लामो समयदेखि प्रचलनमा रहेका नेपाली साङ्केतिक भाषाहरूको अभिलेखन हुन नसकेका कारण तिनीहरू पनि सङ्कटमा परेको पाइन्छ । नेपाल भाषिक विविधताका दृष्टिले अत्यन्त सम्पन्न रहेको कारण यो विविधतालाई राष्ट्रको अमूल्य निधिको रूपमा लिई यिनको उचित संरक्षण गर्नु आवश्यक देखिन्छ ।

नेपाली भाषा नेपालको प्रमुख भाषा हो । वि.सं. २०१५ सालको संविधानबाट संवैधानिक मान्यता पाएको यो भाषाका प्रयोक्ता सर्वाधिक रहेका छन् । वि.सं. २०६८ को जनगणनाको तथ्याङ्कका आधारमा हेर्दा नेपाली भाषाका मातृभाषी वक्ताहरू ४४.६ प्रतिशत रहेका छन् । प्रदेशगत रूपमा नेपाली मातृभाषी वक्ताको सङ्ख्या हेर्दा हिमाली प्रदेशमा ४.१६ प्रतिशत, पहाडी प्रदेशमा २६.२९ प्रतिशत र तराई प्रदेशमा १३.१९ प्रतिशत रहेको देखिन्छ । त्यस्तै दोस्रो भाषका रूपमा नेपाली भाषाको प्रयोग गर्नेको सङ्ख्या नेपालको कुल जनसङ्ख्याको ३२.२८ प्रतिशत रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । यस आधारमा हेर्दा नेपालमा बोलिने भाषाहरूमध्येको प्रथम मातृभाषी र दोस्रो भाषाका रूपमा समेत प्रमुख रूपमा नेपाली भाषा प्रयोग भएको पाइन्छ । भाषा आयोगको वार्षिक प्रतिवेदन (२०७७) का अनुसार 'नेपाली मातृभाषीको जनसङ्ख्यालाई प्रदेशगत रूपमा विश्लेषण गर्दा प्रदेश १ मा १९,५३,३९६, मधेश प्रदेशमा ३,६०,२७६, प्रदेश ३ मा २०,७४,११५, गण्डकी प्रदेशमा १८,५६,९६१, प्रदेश ५ मा २३,६४,५४६, कर्णाली प्रदेशमा १३,४६,२०६ र सुदुरपश्चिम प्रदेशमा ७,७०,३२२ नेपाली मातृभाषी वक्तासङ्ख्या रहेको देखिन्छ' (पृ. १८) । नेपाली भाषा नेपालको सर्वाधिक शक्तिशाली भाषाको रूपमा रहेको स्पष्ट हुन्छ । यसरी हेर्दा नेपाल बहूभाषी रहेको, नेपालका भाषाहरूको अवस्था विविधतामयी रहेको तथा नेपालका भाषाहरूको संरक्षणका लागि प्रभावकारी खालको नीतिको आवश्यकता रहेको देखिन्छ । यही सन्दर्भमा प्रस्तुत अनुसन्धानात्मक लेखमा नेपालमा निर्माण भएका भाषानीतिहरूको पुनरावलोकन र भाषाहरूको संरक्षण र विकासका लागि निर्माण भएका भाषा योजना र तिनको कार्यान्वयनको समीक्षा गरिएको छ ।

## नेपालको भाषानीति : निर्माण, प्रयोग र समस्या

नेपालमा प्रचलित भाषाहरूको सन्दर्भमा राज्यले ठोस रूपमा नीतिगत व्यवस्था र भाषाको योजनाबद्ध संरक्षण र विकासको प्रयासको थालनी गरेको धेरै भएको छैन । प्राचीन समयमा नीतिबिना नै भाषाको प्रयोग हुँदै आएको र भाषाको

प्रयोगका आधारमा नै भाषानीति निर्माण गरिएको देखिन्छ । राणाकालीन समयमा भाषा योजना र नीतिका सन्दर्भमा ठोस पहलकदमी भएको पाइँदैन । जङ्गबहादुरले राणा बेलायत भ्रमणबाट फर्केपछि आफ्ना भाइभारदारका लागि शिक्षा प्रदान गर्न बेलायतबाटै शिक्षक ल्यएर दरबार स्कुलको स्थापना गरेका थिए । यसले नेपालमा आधुनिक शिक्षाको सुरुवात गराए पनि शिक्षाको माध्यम स्वदेशी भाषा नभई अङ्ग्रेजी भाषा थियो । यसभन्दा अगाडिदेखि नै धार्मिक विद्यालयहरू, हिन्दु पाठशाला तथा बौद्ध वा गोन्पा क्रमशः संस्कृत र तिब्बती भाषालाई माध्यम बनाएर शिक्षा प्रदान गर्ने कार्य गरिरहेका थिए (फ्याक, २०२१) । शिक्षाको माध्यम भाषाको रूपमा देवशमशेरले वि.सं. १९५८ मा भाषा पाठशालाको स्थापना उक्त भाषा पाठशालामा पठनपाठन गराउन जयपृथ्वीबहादुर सिँहले लेखेका 'अक्षराङ्क शिक्षा' प्रकाशन भएपछि नेपाली भाषा शिक्षाको माध्यम भाषाको रूपमा प्रयोग भएका पाइन्छ । यद्यपि उक्त भाषा पाठशालाहरू छोटो समयमा नै बन्द भएपछि शिक्षाको माध्यम भाषाका रूपमा दरबार स्कुलमा अङ्ग्रेजी भाषा र अन्य परम्परागत धार्मिक शिक्षण संस्थाहरूमा संस्कृत, पालि, भोट वा तिब्बती भाषाले लामो समयसम्म नै निरन्तरता पाएको देखिन्छ । पछि विस्तारै नेपाली भाषाले शिक्षणको माध्यम तथा विषयका रूपमा मान्यता पाए पनि राणाकालीन समयमा मुलतः शिक्षण संस्थाको स्थापनाभन्दा पनि नियन्त्रणमा बढी ध्यान दिइएको तथा  राज्यले लामो समयसम्म भाषानीति नै निर्माण नगरेको नेपाली र अङ्ग्रेजी भाषामा पठनपाठन र अन्य कामकाज भएको तथा तत्कालीन समयमा प्रचलित अन्य भाषाहरूलाई पूर्णतः बेवास्ता गरेको देखिन्छ ।

नेपाल अधिराज्यको संविधान वि.सं. २०१५ मा 'देवनागरि लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हुनेछ' (धारा ७०) भन्ने उल्लेख गर्दै पहिलोपटक नेपाली भाषालाई संवैधानिक मान्यता प्रदान गरी राष्ट्रभाषाको रूपमा लिएको छ भने यसपछि वि.सं. २०१९ मा जारी भएको, नेपालको संविधान २०१९ ले यही व्यवस्थालाई निरन्तरता दिँदै 'नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा नेपाली भाषा हो' (धारा ४) भन्ने उल्लेख गरेको छ । यसका साथै नेपालको संविधान २०१९ ले विदेशीलाई नेपाली नागरिकता प्राप्तिका आधार उल्लेख गर्ने क्रममा 'नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जान्ने' (धारा, ८) भन्ने उल्लेख गरेको पाइन्छ । यसरी यी दुई संविधानहरूले नेपाली भाषालाई संवैधानिक मान्यता प्रदान गर्ने कार्य मात्र गरेको तथा तत्कालीन समयमा नेपालमा प्रचलित अन्य भाषाहरूका सम्बन्धमा केही उल्लेख नभएकाले एकभाषी नीतिलाई प्राथमिकता दिएको स्पष्ट हुन्छ ।

वि.सं. २०४६ मा पञ्चायती शासनव्यवस्थाको अन्त्य भई प्रजातन्त्रको पुनःस्थापनासँगै निर्माण भएको नेपाल अधिराज्यको संविधान, २०४७ भाषानीतिका दृष्टिले केही अग्रगामी देखिन्छ । यस संविधानले यसअगाडिका संविधानमा भएको व्यवस्था भन्दा फरक र व्यापक ढङ्गले भाषालाई महत्त्व दिएको पाइन्छ । यस संविधानले 'देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो तथा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ, नेपालको विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन् तथा 'विदेशीले नागरिकता प्राप्त गर्न नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको हुनुपर्ने'(धारा, ६) भन्ने उल्लेख गरेको छ । त्यस्तै यो संविधानको संस्कृति तथा शिक्षासम्बन्धी हकमा 'नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने अधिकार हुने छ, प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने छ' (धारा, १८) भन्ने उल्लेख गरिएको पाइन्छ । त्यस्तै राज्यका नीतिहरूअन्तर्गत 'विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र भाषाभाषीहरूका बिच स्वस्थ एवम् सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबै को भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्ने छ' (धारा २६) भन्ने उल्लेख गरिएको छ । यस संविधानमा भाषाहरूको प्रयोगको अवस्थालाई मुल्याङ्कन गरी उचित स्थान दिएको पाइन्छ । नेपालमा नेपाली भाषाको प्रयोगको महत्त्वलाई मध्यनजर गरी राष्ट्रभाषाको मान्यता दिई नेपालमा प्रचलित अन्य भाषालाई राष्ट्रिय भाषाको मान्यता दिनु उपयुक्त देखिन्छ । विगतका संविधानले केवल नेपाली भाषालाई राष्ट्रभाषाको मान्यता मात्रै दिएर एकभाषी नीति अवलम्बन गरेकामा अन्य भाषालाई पनि संविधानमा उल्लेख गरी प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा लिन पाउने व्यवस्था गरेर भाषा, लिपि संस्कृतिलाई संरक्षण गर्ने अधिकार प्रदान गरेको तथा एकता कायम गर्ने आधारको रूपमा भाषालाई लिने जस्ता प्रावधान उल्लेख गरी बहूभाषी नीति अवलम्बन गरेको छ । यस संविधानले नेपाली भाषाका साथै अन्य भाषालाई पनि संवैधानिक मान्यता दिएर तिनको संरक्षणका लागि ढोका खोल्ने ऐतिहासिक कार्य गरेको छ ।

नेपालमा भाषानीतिको निर्माण तथा यस दिशामा महत्त्वपूर्ण सुझाव दिने दृष्टिले वि.सं. २०५० जेठ १४ गते तिलविक्रम नेम्बाङको संयोजकत्वमा गठित 'राष्ट्रिय भाषा नीति सुझाउ आयोग' को निकै महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । यस आयोगले तत्कालीन शिक्षामन्त्रीसमक्ष पेस गरेको 'राष्ट्रिय भाषानीति सुझाउ आयोगको प्रतिवेदनको-२०५० तथा नेपालको भाषिक स्थिति' नामक प्रतिवेदनले २०४७ को संविधानले अवलम्बन गरेको बहूभाषी नीतिअनुसार नेपाली भाषा र यसबाहेकका मातृभाषाहरूको संरक्षण र विकासका सन्दर्भमा निकै महत्त्वपूर्ण सुझाव दिएको देखिन्छ। यस आयोगको प्रतिवेदनमा नेपालको भाषिक स्थितिको चित्र, भौगोलिक रूपमा भाषाको चित्र, जातजाति र मातृभाषा, नेपलाका भाषाहरूको लेख्य परम्परा, साहित्य, साक्षरता, राष्ट्रिय भाषाहरूको विकास र संरक्षण, शिक्षामा राष्ट्रिय भाषाको प्रयोगको तौरतरिका, औचित्य सबाल, विषय र माध्यमका रूपमा मातृभाषाको प्रयोग र त्यसका लागि गर्नुपर्ने कार्यहरूका सन्दर्भमा महत्त्वपूर्ण सुझाव दिएको पाइन्छ। विगतमा नेपालमा अभ्यासमा रहेको एकभाषी नीतिलाई चिर्दै २०४७ को संविधानले बहूभाषी नीति अवलम्बन गरेकोमा यस आयोगले बहूभाषी नीतिलाई कार्यान्वयन गर्नका लागि महत्त्वपूर्ण सुझाव पेस गरी नेपालमा प्रचलित मातृभाषाहरूलाई शिक्षा, आमसञ्चारका माध्यममा प्रयोगका साथै विकास र मानकीकरणका लागि महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले बहूभाषी नीति अवलम्बन गर्दै 'नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् तथा देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ' (धारा ५) भन्दै नेपालमा प्रचलित सबै भाषाहरूलाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिँदै सबै नेपालमा प्रचलित सबै भाषालाई राष्ट्रभाषाको मान्यता प्रदान गरेको छ । यद्यपि संविधानले नेपाली बाहेकका भाषामा समेत कुनै निकायमा नेपाली भाषाको प्रयोग गर्न सकिने तर त्यसको अभिलेख भने नेपाली भाषामा नै गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ। यस्तै यस संविधानले भाषा लगायतका आधारमा भेदभाव गर्न नपाइने (धारा, १३), कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभुत शिक्षा पाउने, आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्धन गर्ने हक (धारा, १७) तथा विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषा भाषीहरूका बीच समानता एवम् सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्वारा देशको सांस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्ने (धारा ३५) नीति अवलम्बन गर्ने उल्लेख गरेको पाइन्छ। यस संविधानले नेपालमा प्रचलित सबै भाषालाई समान महत्त्व र हैसियत प्रदान गर्दै नेपाली भाषाबाहेकका अन्य भाषाहरूलाई समेत महत्त्व प्रदान गरी ती भाषा विकासमा जोड दिएको छ ।

नेपालको संविधान, २०७२ मा नेपालमा बोलिने भाषाका सम्बन्धमा विभिन्न व्यवस्था गरिएको पाइन्छ। यस संविधानले नेपाललाई बहुभाषिक राष्ट्र (धारा ३, प्रस्तावना), को मान्यता दिएको छ । नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाको मान्यता दिएको, देवनागरी लिपिमा लेखिने नेपाली भाषालाई नेपालको सरकारी कामकाजको भाषाको मान्यता दिएको, तथा नेपाली भाषाका अतिरिक्त आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने व्यवस्था (धारा ६, राष्ट्रभाषा) गरेको पाइन्छ । यस्तै संविधानको मौलिक हकअन्तर्गत स्वतन्त्रताको हकमा भाषिक सम्प्रदायका बिचमा सुसम्बन्धमा खलल पुऱ्याउन नहुने (धारा १७), सामान्य कानुनको प्रयोगमा भाषा लगायतका आधारमा भेनभाव नगरिने, राज्यले नागरिकका बिचमा भाषा लगायतका आधारमा भेदभाव नगर्ने (धारा, १८) व्यवस्था गरेको छ। त्यस्तै शिक्षासम्बन्धी हकमा दृष्टिविहीन नागरिकलाई ब्रेल लिपि तथा बहिरा, स्वर र बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निशुल्क शिक्षा पाउने हक हुने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ (धारा, ३१) भन्ने उल्लेख गरेको छ । त्यस्तै यस संविधाले मौलिक हकअन्तर्गत भाषा तथा संस्कृतिको हकको छुट्टै व्यवस्था गरी प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्नेहक हुने छ, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ (धारा, ३२) राज्यका नीतिहरूअन्तर्गत सामाजिक र सांस्कृतिक नीतिमा 'बहुभाषिक नीति अवलम्बन गर्ने' (धारा, ५१) जस्ता व्यवस्था गरेको छ । यस्तै संविधानले धारा २८७ मा भाषा आयोगसम्बन्धी

व्यवस्था गरी संविधान जारी भएको एक वर्षभित्रमा भाषा आयोगको गठन गर्ने व्यवस्था गरेको थियो । संविधानले उक्त आयोगको सदस्य र अध्यक्षको योग्यता तथा आयोगको काम कर्तव्य र अधिकारको समेत उल्लेख गरेको छ । वर्तमान संविधान भाषानीतिका दृष्टिले विगतका संविधानहरूभन्दा निकै अग्रगामी देखिन्छ । भाषाका आधारमा कानुनको प्रयोगमा तथा राज्यले कुनै पनि नागरिकलाई विभेद नगर्ने, सबै भाषालाई राष्ट्रभाषाको मान्यता प्रदान गर्ने जस्ता निकै उपयुक्त कदम चालेको छ । त्यस्तै पहिलोपटक संविधानमा नै बहुभाषी नीति अवलम्बन गर्ने भनी स्पष्ट रूपमा संविधानमा नै उल्लेख गर्नु अर्को महत्त्वपूर्ण कदम रहेको छ । त्यस्तै भाषा आयोग गठनको व्यवस्था गर्नु संविधानले गरेको अर्को महत्त्वपूर्ण कार्य हो । संविधानले गरेको व्यवस्थाअनुसार २०७३ भाद्र २३ गतेको मन्त्रीपरिषद्को निर्णयानुसार लबदेव अवस्थीलाई भाषा आयोगका अध्यक्षको रूपमा जिम्मेवारी प्रदान गरिएको थियो । हाल भाषा आयोगले भाषाका सम्बन्धमा तथ्याङ्क विश्लेषण गर्ने, भाषासम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने तथा विभिन्न मातृभाषाका वर्ण, शब्दकोश, व्याकरण निर्माण तथा लोकसाहित्यलाई लिखित रूपमा लैजाने जस्ता कार्यहरू गरी नेपालका मातृभाषा संरक्षणका दिशामा योगदान पुर्‍याएको पाइन्छ । यसप्रकार नेपालको भाषानीतिको विश्लेषण गर्दा ......

## परिणाम र छलफल

### भाषा संरक्षण र विकासका प्रयास

भाषाले मानिसको संस्कृति, जीवनशैली र पहिचान बोकेको हुन्छ । भाषाको संरक्षणबाट केवल भाषा संरक्षण मात्र नभई मानव सभ्यता, संस्कृतिलगायत यावत् पक्षहरूको संरक्षण हुने भएकाले भाषाको संरषण आवश्यक हुन्छ । बहुभाषी मुलुक नेपालमा भाषा संरक्षण र विकासका सम्बन्धमा भएका सार्थक प्रयासहरूले मात्रै यहाँका भाषाहरूको अस्तित्व तथा भविष्य सुरक्षित हुने देखिन्छ । यस क्रममा नेपालका भाषाहरूको संरक्षण र विकासका बारेमा उत्तरदातासँग छलफल गरिएको थियो । यस क्रममा नेपालका भाषाका विकास र संरक्षणका लागि केही प्रयास भए पनि ती प्रयासबाट उत्तर दाता सन्तुष्ट हुन नसकेको पाइयो । मातृभाषीलाई सबल बनाउने नीति सरकारको रहेको छ । २०५० सालमा भाषानीति सुझाव आयोगले उपयोगी सुझाव दिएको, मातृभाषालाई विषय र माध्यमका रूपमा शिक्षामा प्रयोग गर्न थालिएको, रेडियो पत्रपत्रिकामा मातृभाषी सामग्री प्रकाशन भएका, भाषा आयोगको गठन भएका जस्ता मातृभाषा संरक्षणका दिशामा विभिन्न कार्यहरू भएका छन् यद्यपि यी पर्याप्त छैनन् । मातृभाषामा शिक्षा दिने स्पष्ट नीति छैन । आमाबाबुले आफ्ना छोराछोरीलाई भाषा सिकाउने कार्य गरेका छैनन्, जसको कारण पछिल्लो पुस्तामा मातृभाषा छाडेर नेपाली भाषामा आकर्षण बढेको पाइन्छ । (सहभागी, १)

प्रस्तुत विचारले नेपालमा मातृभाषालाई प्रोत्साहन भए पनि तिनलाई विकास र संरक्षण गर्ने ठोस नीति र योजना नरहेको कारण तिनको संरचनात्मक विकास हुन नसकेको अनि आफ्ना आमाबाबुले आफ्ना सन्तानलाई मातृभाषाको प्रयोगमा अग्रसर नगर्दा निरन्तर रूपमा नेपाली र अन्य मातृभाषी वक्ताको सङ्ख्या घट्दै गएको देखिन्छ ।

नेपालका भाषा विकास र संरक्षणका सन्दर्भमा अर्का सहभागीको विचार यस्तो छ :

वि.सं. २०५० मा राष्ट्रिय भाषानीति सुझाव आयोगले दिएको सुझावका आधारमा रेडियो नेपालमा बहुभाषी समाचार प्रकाशन, गोरखापत्रमा बहुभाषी सामग्री प्रकाशन, मातृभाषामा शिक्षा दिने कार्यको थालनी, मातृभाषा जस्ता सकारात्मक कार्य भएका छन् । यद्यपि तिनको गुणात्मक अवस्था कति छ भनेर अध्ययन गर्नु आवश्यक रहेको छ । यस सन्दर्भमा भए गरेका व्यवस्थित र प्रभावकारी नसकेको अनुभव पछिल्लो समय झनै बढेको महसुस हुन्छ । (सहभागी, २)

उत्तरदाताको माथि प्रस्तुत विचारलाई हेर्दा पनि मातृभाषाको संरक्षणका सन्दर्भमा केही प्रयासहरू भए पनि तिनको गुणात्मक व्यवस्थित नबन्दा भाषा विकासका लागि ठोस कार्य हुन नसकेको पाइन्छ । भाषानीति सुझाव आयोगको सिफारिसपछि केही आशालाग्दा कार्यहरूको थालनी भएको भए पनि त्यसको करिब तीन दशक भइसक्दा ती प्रयासको परिणाम प्राप्त हुनुको सट्टा झन् गति सुस्त भएको अनुभव हुने कुराको सङ्केत मिल्छ । बहुभाषी मुलुक नेपालका भाषाहरूको संरक्षण र विकासका सन्दर्भमा भएका प्रयासका सन्दर्भमा अर्का उत्तरदाताको विचार यसप्रकार थियो :

नेपालको भाषा संरक्षणका लागि मूलतः २०४६ सालको राजनैतिक परिवर्तनपछि केही आशालाग्दा प्रयास भएका छन् । नेपाल प्रज्ञा प्रतिष्ठान, गोरखापत्र, रेडियो नेपाल लगायतका अन्य एफएम लगायतका सञ्चार माध्यमले मातृभाषालाई दिएको स्थान र भाषाविज्ञान केन्द्रीय विभागको स्थापना भई भाषाको अध्ययन अनुसन्धान र भाषावैज्ञानिक अध्ययन हुनु

तथा नेपाली भाषा आयोगको स्थापना हुनुले भाषा विकास र संरक्षणका लागि आशाका किरणहरू देख्न सकिन्छ । यद्यपि नेपाली भाषा बोल्नुपर्ने भाषा होइन भन्ने, त्रिभुवन विश्वविद्यालयले नेपाली विषय बाहेकका अन्य विषयको पठनपाठनमा अङ्ग्रेजी भाषालाई महत्त्व दिने तथा मातृभाषा विकासका लागि ठोस कार्य नगरेका कारण धेरै मातृभाषीको सङ्ख्या निरन्तर रूपमा घट्दै जानुले भाषाको विकास र संरक्षणका लागि गरिएका प्रयास पर्याप्त छैनन् भन्ने स्पष्ट हुन्छ । (सहभागी, ३)

उत्तरदाताबाट व्यक्त विचारलाई विश्लेषण गर्दा नेपालका भाषा विकास र संरक्षणका लागि केही कार्यहरू भएका र ती सकारात्मक दिशामा अगाडि पनि बढेका देखिन्छन् । यद्यपि ती कार्यहरू सकारात्मक हुँदाहुँदै पनि नेपालका कैयौँ मातृभाषाहरू झन् झन् सङ्कटमा पर्दै गएको कारण ती प्रयासहरूले सार्थकता पाउन नसकेको स्पष्ट हुन्छ ।

बहुभाषी मुलुक नेपालका विभिन्न भाषाहरूको बोलिने विभिन्न भाषाहरूको संरक्षण र विकासका लागि भएका विभिन्न प्रयासहरू सकारात्मक दिशामा अगाडि बढेको पाइए पनि तिनको व्यवस्थित, योजनाबद्ध र परिणाममुखी नहुँदा तिनले ठोस उपलब्धि हासिल गर्न सकेका छैनन् । विगतदेखि नेपालको भाषा विकासका क्रममा भएका प्रयासहरूको मूल्याङ्कन गरी सकारात्मक पक्षहरूको निरन्तरतासहित आवश्यक थप कार्यहरूसहित भाषाको विकास र संरक्षणमा ठोस योगदान पुग्ने गरी मूलतः मातृभाषी वक्ता पछिल्लो पुस्तामा बढाउने र मातृभाषिक गतिविधिहरू सशक्त रूपमा अगाडि बढाउने तर्फ व्यवस्थित कार्य तत्काल सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**भाषिक तथ्याङ्कः समस्या र विश्वसनीयता**

नेपालमा भाषाको नीतिनिर्माण र विकासका लागि भाषासम्बन्धी विवरण लिने मुख्य आधार भनेको जनगणनाले दिएको तथ्याङ्क रहेको देखिन्छ । नेपालमा विगतदेखिका जनगणनाले अगाडि सारेका तथ्याङ्कहरूलाई हेर्ने हो भने नेपालमा बोलिने भाषा सङ्ख्या र तिनका वक्ता सङ्ख्यामा निरन्तर रूपमा ठुलो परिवर्तन भएको पाइन्छ । यसले हामीले हाम्रो देशमा रहेका भाषाका बारेमा गहन अध्ययन हालसम्म पनि गर्न सकेका छैनौँ भन्ने स्पष्ट हुन्छ । यस सन्दर्भमा जनगणनाले दिएको तथ्याङ्कका सन्दर्भमा उत्तरदातासँग छलफल गरिएको थियो । जनगणनाको तथ्याङ्कका सम्बन्धमा सहभागी १ को विचार यस्तो थियो :

जनगणनाले अगाडि सारेको भाषा र त्यसका प्रयोक्तासम्बन्धी विवरण तथ्याङ्क नभई मिथ्याङ्क बन्न पुगेको छ । पछिल्लो समय नेपाली भाषा प्रयोक्ताको सङ्ख्या निरन्तर घटेको, जातिका आधारमा भाषा लेख्न लगाइएको तथा भाषा बोल्न नजाने पनि आफ्ना पुर्खाले बोल्ने भाषालाई मातृभाषा लेखाउन लगाई तथ्याङ्कलाई मिथ्याङ्क बनाउने अभियान नै सञ्चालन गरेको देखिन्छ । यसर्थ भाषा गणनाको कार्य स्थानीय स्तरबाटै सूक्ष्म रूपमा गरेर भाषा र त्यसका प्रयोक्ताको वास्तविक सङ्ख्या पत्ता लगाउनुपर्दछ । (सहभागी, १)

उत्तरदाताले प्रस्तुत गरेको विचारबाट जनगणनाले अगाडि सारेको तथ्याङ्कबाट भाषा र त्यसका प्रयोक्ताको सङ्ख्याको एकिन विवरण आउन नसकेको, मातृभाषाका प्रयोक्ता बढी देखाउन सचेत रूपमा नै प्रयास भएको हुँदा स्थानीय स्तर बाटै मिहिन रूपमा भाषासम्बन्धी तथ्याङ्क सङ्कलन गर्नुपर्ने देखिन्छ । जनगणनको तथ्याङ्कका सम्बन्धमा अर्का उत्तर दाताको विचार यस्तो थियो :

मातृभाषा के हो भन्ने सम्बन्धमा अस्पष्टता, जाति र भाषाका बिचको विभेद नछुट्टिएको, भाषिक तथ्याङ्क सङ्कलनका लागि भाषाविद्सँग खुला अन्तर्क्रिया नगरेको तथा भाषिक प्रशिक्षण नपाएका गणकहरूले सीमित प्रश्नका आधारमा सोधिएका प्रश्नबाट सही उत्तर आउन सक्दैन जसको कारण तथ्याङ्क मिथ्याङ्क बन्न पुगेका छन् । (सहभागी, २)

यस सम्बन्धमा अर्का उत्तरदाताको विचार यसप्रकार रहेका छ :

जनगणनाले अगाडि सारेको विवरण तथ्याङ्क भन्दा मिथ्याङ्क भएको छ । भाषा बोल्न नजान्नेलाई पनि मातृभाषामा गणना गरिएको छ, भाषिक राजनीतिले जनगणनालाई प्रभाव पारेको छ, व्यवहारमा नेपाली भाषाका प्रयोक्ता बढेको भए पनि तथ्याङ्कमा २०४६ सालपछि नेपाली भाषाका प्रयोक्ताको सङ्ख्या निरन्तर घट्दो रहेको देखिनुको कारण पनि यही हो । (सहभागी, ३)

उत्तरदाताबाट व्यक्त विचारका आधारमा मातृभाषा प्रयोग गर्न नजान्नेलाई मातृभाषामा गणना गरिएको तथा नेपाली मातृभाषीको सङ्ख्या व्यवहारमा बढ्दै गएको भए पनि जनगणनाले घट्दै गएको तथ्य अगाडि सारेकाले जनगणनाको

तथ्याङ्क विश्वसनीय बन्न नसकेको देखिन्छ ।

नेपालमा भाषानीति, योजना सबैको आधार जनगणनाले अगाडि सारेको तथ्याङ्कलाई हालसम्म प्रमुख आधार बनाउँदै आइएको भए पनि भाषासम्बन्धी सीमित प्रश्नका आधारमा, भाषासम्बन्धी तालिम अप्राप्त गणकबाट गणना गरिएको, जाति र भाषाको भेद नछुट्टिएको अनि सचेत रूपमै मातृभाषा बोल्न नजान्नेलाई पनि मातृभाषी वक्ताका रूपमा गणना गरिएको तथा विगतदेखि हालसम्म भाषा र तिनको वक्ता सङ्ख्यामा निरन्तर रूपमा ठुलो परिवर्तन देखिएको कारण जनगणनाको तथ्याङ्लाई विश्वास गर्न सकिने आधार देखिँदैन । गिरी (२०१०) ले नेपालको भाषानीतिसम्बन्धी अध्ययनका गरी अगाडि सारेको 'भाषासम्बन्धी ज्ञानको अभाव भएका गणकहरूको संलग्नतामा सङ्कलित तथ्याङ्कमा आधारित भएर प्राज्ञिक जगत्ले मुलुकको भाषानीतिबारे आफ्ना धारणा सार्वजनिक गरिरहेको स्थिति छ' (पृ. १९८) भन्ने भनाइले पनि यही भाषानीतिको तथ्याङ्कमा विश्वसनीयता नभएको विचारलाई बल प्रदान गर्दछ । यसर्थ नेपालमा गहन रूपमा भाषाको समाजवैज्ञानिक अध्ययन गरेर भाषिक सर्वेक्षण गरी वास्तविक तथ्याङ्क अगाडि ल्याएर भाषा नीति र योजना निर्माणको आधार तयार पार्नुपर्ने देखिन्छ ।

## नेपालको अपेक्षित भाषिक नीति

नेपालमा धेरै भाषा प्रचलित भएको, भाषाको अवस्थामा विविधता रहेको, धेरै भाषाहरू सङ्कटापन्न अवस्थामा रहेको तथा भाषासम्बन्धी तथ्याङ्कमा पनि निरन्तर परिवर्तन भइरहेकाले यी अन्यौलताहरूलाई हटाएर भाषाहरूको संरक्षण र विकास गर्न गर्नका लागि उपयुक्त खालको भाषा नीति निर्माण गर्नु आवश्यक रहेको देखिन्छ । प्रस्तुत अध्ययनका क्रममा नेपालका लागि आवश्यक भाषा नीतिका सम्बन्धमा उत्तरदाताहरूसँग छलफल गरिएको थियो । नेपालका लागि आवश्यक भाषानीतिका सम्बन्धमा उत्तरदाताको विचार यसरी प्रकट भएको थियो :

नेपालमा प्रचलित मातृभाषा प्रयोगतर्फ अग्रसर गराउने खालको भाषा नीति आवश्यक पर्दछ । बालक जन्मेपछि पहिले मातृभाषामा शिक्षा दिनुपर्ने विश्वव्यापी भाषावैज्ञानिक सिद्धान्तका विरुद्ध अङ्ग्रेजी भाषा सिकाउने कार्य गरिरहेका छौँ, यो कार्यबाट हाम्रा बालबालिका अङ्ग्रेजी शिक्षामा दक्ष भएका छैनन् बरु मातृभाषामा कमजोर भएका छन्, यसर्थ कम्तीमा पनि बालबालिकालाई तीन कक्षासम्मको शिक्षा मातृभाषामा दिने खालको शिक्षा नीति आवश्यक पर्दछ । नेपालको भाषा नीतिले मातृभाषाको प्रयोग, गतिविधि र शिक्षामा जोड दिने, मातृभाषा प्रयोगमा गौरब गर्ने खालको चेतना सचेत मानिस लगायत सबैमा प्रवाह गर्न सक्नुपर्दछ । (सहभागी, १)

प्रस्तुत विचारका आधारमा भाषानीति मूलतः भाषाको संरक्षण र विकासमा केन्द्रित हुनुपर्ने देखिन्छ । यस किसिमको भाषानीति निर्माणका क्रममा मूल रूपमा मातृभाषा प्रयोगतर्फ अग्रसर गराउनमा जोड दिनुपर्ने देखिन्छ। निश्चित तहमा आफ्नो मातृभाषामा दक्ष भइसकेपछि मात्र आवश्यकताअनुसार अन्य भाषाको प्रयोगतर्फ अग्रसर गराउनु आवश्यक हुन्छ ।

नेपालका लागि अपेक्षित भाषा नीतिका सम्बन्धमा अर्का उत्तरदाताको विचार यस्तो रहेको थियो :

भाषाहरूको विकास र संरक्षणका लागि भाषाहरूको सर्वेक्षण गरेर वास्तविक तथ्याङ्क अगाडि ल्याएर लेख्य प्रचलनमा रहेका, लेख्य उन्मुख तथा लिखित रूपमा तथा वक्तासङ्ख्याको आधारमा समेत वर्गीकरण गर्नुपर्दछ, यसरी वर्गीकरण गरेपछि कुन अवस्थामा रहेको भाषाका लागि के गर्नु आवश्यक छ भन्ने पहिचान गरेर भाषा संरक्षणको कदम अगाडि बढाउनुपर्दछ । यस क्रममा मूलतः मातृभाषी वक्तामा जागरण ल्याई भाषा प्रयोगमा अग्रसर गराएर र मातृभाषाको माध्यमबाट शिक्षा दिने कार्यलाई प्राथमिकता दिने खालको भाषा नीति निर्माण गर्न सकेमा भाषाको संरक्षणमा ठोस योगदान पुऱ्याउन सकिन्छ । (सहभागी, २)

भाषाको नेपलका लागि आवश्यक पर्ने अपेक्षित भाषा नीतिका सन्दर्भमा अर्का उत्तरदाताको विचार यसरी प्रकट भएको थियो :

नेपालमा भाषानीति र योजना निर्माणका लागि मूलत यहाँका भाषाहरूको भाषावैज्ञानिक सर्वेक्षण गर्नुपर्दछ। भाषावैज्ञानिक सर्वेक्षण गरी भाषा सङ्ख्या र वक्ताको निर्धारण गरी वक्ता सङ्ख्या र भाषाको अवस्थाका आधारमा वर्गीकरण गर्नुपर्दछ। यसपछि मात्र भाषनीति निर्माण गर्नु उपयुक्त हुन्छ । भाषनीति निर्माण गरी भाषाको विकास गर्दा मातृभाषा धेरै भएको र भाषाको विकास भइसकेका भाषाहरूको हकमा मातृभाषामा शिक्षाको व्यवस्थालाई अनिवार्य गर्ने, मातृभाषामा शिक्षा

तत्काल दिन नसकिने अवस्था भएका भाषाहरूको तयारी गर्ने तथा कम वक्ता भएका भाषाहरूको संरक्षण गर्ने कार्य गर्नुपर्दछ । (सहभागी ३)

नेपालमा हालसम्म उपयोगमा आएको भाषासम्बन्धी तथ्याङ्क नै प्रभावकारी नभएकाले प्रभावकारी तथ्याङ्क प्राप्त गरी त्यसका आधारमा भाषाहको अवस्था पहिचान गरी प्रभावकारी खालको भाषा नीति र योजना निर्माण गर्नुपर्ने विचार उत्तरदाताबाट आएको छ । मातृभाषाको संरक्षणका क्रममा मातृभाषी नै प्रमुख रूपमा सचेत भई प्रयोग तथा मातृभाषामा शिक्षाको प्रभावकारी प्रबन्ध गर्ने खालको भाषानीति र योजना आवश्यक रहेको स्पष्ट हुन्छ ।

नेपालमा हालसम्मका भाषा नीति र योजना तथा तिनको कार्यान्वयन र तिनले भाषाको संरक्षण र विकासमा पुऱ्याएको योगदानलाई हेर्दा विज्ञ उत्तरदाताहरू त्यसबाट सन्तुष्ट हुन नसकेको पाइयो । यसको मूल कारण त नेपालमा भाषासम्बन्धी देशव्यापी सर्वेक्षण गरेर भाषा सङ्ख्या र तिनको वक्ता सङ्ख्याको यकिन गर्नुपर्नेमा त्यसो हुन नसकेको देखियो । भाषाको संरक्षण र विकासका लागि भए गरेका प्रयासले विभिन्न मातृभाषाका सङ्ख्या बढाउँदै लैजानुपर्नेमा त्यसो नभई घट्दै गएको अनि कतिपय भाषा त प्रयोगविहीनताको दिशातर्फ अगाडि बढेको समेत पाइन्छ । यस सन्दर्भम गिरी (२०१०) ले नेपाली भाषाहरूको अवस्था अध्ययन र नीतिहरूको पुनरावलोकन गरी नेपालका भाषाहरूलाई मृत्यु हुनबाट जोगाउन, लेख्य परम्परामा उतार्न, वाङ्मयको विकास गर्न, तिनका प्रकार्य बढाउन र तिनलाई समाज र राष्ट्रमा यथोचित स्थान दिलाउन राज्यले भाषानीति निर्माण गर्न तथा भाषाहरूको संरचनात्मक र स्तरगत विकासको योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । यसप्रकारको भाषानीतिसम्बन्धी पूर्व अध्ययन र उत्तरदाताबाट व्यक्त विचारसमेतका आधारमा भाषानीति र योजनामा समयमै ध्यान दिएर यहाँका भाषाको संरक्षण र विकासको कार्य अभिलम्ब गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

बहुभाषिक राष्ट्र नेपालमा प्रचलित भाषाहरूको संरक्षण, सवर्धन र विकासका लागि भाषा प्रयोगको वास्तविकता पहिचान गरी उपयुक्त भाषा नीति निर्माण गरेर प्रयोगमा ल्याउनु आवश्यक रहेको छ । बहुभाषिक राष्ट्र नेपालमा विगतदेखि नै भाषा नीति निर्माण गरी विभिन्न भाषाहरूको विकास र संरक्षण गर्ने प्रयास पनि भइरहेको पाइए पनि ती प्रयासहरू अपर्याप्त रहेको देखिन्छ । भाषा र तिनका प्रयोक्ता कति छन् भन्ने विषयमा हालसम्म प्रयोगमा आएको जनगणनाको तथ्याङ्कमा निरन्तर परिवर्तन आइरहेकाले यसको विश्वसनीयतामाथि शङ्का उत्पन्न भएको एकातिर छ भने अर्कातिर यसैका आधारमा हामीले निर्माण गरेका भाषा नीति र योजनाको प्रभावकारितामाथि प्रश्नचिन्ह उठ्नु त स्वभाविक नै भयो । नेपालका भाषाको वास्तविक रूपमा विकास र संवर्धन गर्नका लागि भाषासम्बन्धी तालिम तथा ज्ञान प्रदान गरेर दक्ष गणकको निर्माण गरी तिनैको माध्यमबाट देशव्यापी राष्ट्रिय भाषिक सर्वेक्षण गर्नु आवश्यक देखिन्छ । यसरी गरिने भाषिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा मात्रै भाषासम्बन्धी तथ्यको सूक्ष्म विश्लेषण गरी प्रभावकारी भाषा नीति तथा योजना निर्माण गर्नुपर्दछ । भाषा नीति तथा योजना निर्माणका क्रममा नेपालमा प्रचलित भाषाहरूको अवस्था पहिचान गरी उक्त अवस्थाबाट विकासतर्फ अगाडि बढाउनुपर्दछ । नेपाल अधिराज्यको संविधान, २०४७ र राष्ट्रिय भाषा नीति सुझाव अयोगको प्रतिवेदन, २०५० ले दिएका सुझावलाई प्रभावकारी कार्यान्वयन नहुँदा हालसम्म धेरै मातृभाषाका वक्ताहरू घट्दै गएका तथा अङ्ग्रेजी भाषाको अस्वभाविक प्रभाव बढ्दै गएको तथ्यलाई गम्भीर रूपमा समीक्षा गरी मातृभाषी वक्तामा सचेतता अपनाई पछिल्लो पुस्तामा समेत भाषा प्रयोग गर्नतर्फ अग्रसर गराउने अनि मातृभाषामा शिक्षा लगायत मातृभाषिक गतिविधिहरूलाई जोड दिने खालका क्रियाकलापमा केन्द्रित गरी प्रभावकारी भाषा नीति निर्माण गर्नु आवश्यक छ । पछिल्लो समय भाषा आयोगले केही प्रशंसायोग्य कार्य गरेर भाषा संरक्षण र विकास हुने कुरामा आशावादी हुन सकिए पनि भाषामाथि गरिन थालेको भाषा संरक्षण र विकासमा थप अन्यौलता र जटिलता उत्पन्न हुने हो कि भन्ने आशंका उत्पन्न समेत भएको छ । भाषाको विकासका लागि हालसम्म भएका प्रयासहरू पनि पर्याप्त नभएकाले भाषा ऐन तथा भाषासम्बन्धी कार्य गर्ने स्थायी खालको संरचना निर्माण गरी अभिलम्ब भाषासम्बन्धी वस्तुगत खालको नीति र योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## सन्दर्भसामग्री


केन्द्रीय तथ्याङ्क विभाग (२०६९), *नेपालको राष्ट्रिय जनगणना* २०६८, काठमाडौँ : नेपाल सरकार ।

गिरी, जिवेन्द्रदेव (२०१०), नेपालको भाषा नीति,*त्रिभुवन विश्वविद्यालय जर्नल,*२७ (१-२), पृपृ. १८९-२०२ ।

नेपाल सरकार (२०६३), *नेपालको अन्तरिम संविधान,* २०६३, काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०६३), *नेपालको संविधान,* २०६३, काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

पन्थी, दिनेश (२०२१), ल्याङ्ग्वेज इन एजुकेसन पोलिसी इन लोकल गभर्मेन्ट : ए केस स्टडी अफ रुपन्देही डिस्ट्रक, जर्नल अफ नेल्टा गण्डकी, IV (१-२), पृपृ. ११९-१३२) ।

पोखरेल, शैलजा (२०७१), *नेपालका लागि आदर्श भाषानीति,* प्रज्ञा, १(११०), पृपृ. २१-३१ ।

फ्याक, प्रेम (२०२१), *इपिस्टेमिसाइड ड्याफिसिट ल्याङ्ग्वेज आइडियोलोजी एन्ड (डि) कोलोनियालिटी इन ल्याङ्वेज पोलिसी, न्टरनेशनल जर्नल अफ द सोसियोलोजी अफ ल्याङ्ग्वेज,* २०१२,(२६७-२६८), पृपृ. २१९-२३३ ।

राइट, स्यु (२००४), *ल्याङ्ग्वेज पोलिसी एन्ड ल्याङ्ग्वेज प्लानिङ : फ्रम नेसनालिजम टु ग्लोबलाइजेसन,* न्युयोर्क, पाल्ग्रेभ, म्याकमिलन ।

राष्ट्रिय भाषा आयोग (२०७४), *भाषा आयोगको वार्षिक प्रतिवेदन,* २०७४, काठमाडौँ : लेखक ।

राष्ट्रिय भाषा आयोग (२०७५), *भाषा आयोगको वार्षिक प्रतिवेदन,* २०७५, काठमाडौँ : लेखक ।

राष्ट्रिय भाषा आयोग (२०७६), *भाषा आयोगको वार्षिक प्रतिवेदन,* २०७६, काठमाडौँ : लेखक ।

राष्ट्रिय भाषा आयोग (२०७७), *भाषा आयोगको वार्षिक प्रतिवेदन,* २०७७, काठमाडौँ : लेखक ।

राष्ट्रिय भाषा नीति सुझाउ आयोग (२०५०), *राष्ट्रिय भाषा नीति सुझाउ आयोगको प्रतिवेदन,* २०५०, काठमाडौँ : लेखक ।

रिसेन्टो, थोमस (२०००), हिस्टोरिकल एन्ड थ्यौरीटिकल प्रस्पेटिक्टिभ्स इन ल्याङ्ग्वेज पोलिसी एन्ड प्लानिङ, *जर्नल अफ सोसियोलिङ्ग्विस्टिक्स,* ४(२), पृपृ. १९६-२१३) ।

रिसेन्टो, थोमस (२००६), *एन इनट्रोडक्सन टु ल्याङ्ग्वेज पोलिसी : थ्यौरी एन्ड मेथोड,* चिचेस्टर : जोन विली एन्ड सन्स लिमिटेड ।

वार्धफ, रोनाल्ड र फुलर एम्. जनेट (२०१५), *एन इन्ट्रोडक्सन टु सोसियोलिङ्ग्विस्टिक्स (सातौँ संस्क.),* संयुक्त राज्य अमेरिका : ब्ल्याकवेल पब्लिसिङ लि. ।

श्री ५ को सरकार (२०४७), *नेपाल अधिराज्यको संविधान,* २०४७, काठमाडौँ कानुन किताब व्यवस्था समिति ।

स्पोल्स्की, बनार्ड, (सम्पा.), (२०१२), *द क्याम्ब्रिज ह्यान्डबुक अफ ल्याङ्ग्वेज पोलिसी,* युके : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।